ब्रिटिश गोर्खा नेपाल British Gurkhas Nepal

# गोर्खाली खबर

Gorkhali Khabar

भु.पु.गोर्खाकालागि समाचारपत्र | Newsletter for ex-British Gurkhas

अङ्क १, जनवरी २०२०

Edition 1, January 2020



गोर्खाली खबर
Gorkhali Khabar

ब्रिटिश गोर्खा नेपाल
British Gurkhas Nepal

जनवरी २०२०    January 2020

Namaste and warmest greetings to the British Gurkha veteran community.

It is my pleasure to bring to you the very first edition of British Gurkhas Nepal (BGN) quarterly veterans newsletter ‘Gorkhali Khabar’. This is a new initiative to provide stronger links between British Gurkhas Nepal and the wider Brigade family living in Nepal. Along with delivering relevant news and updates, I hope the newsletter will become part of the fibre that connects us all with the Brigade of Gurkhas and maintains us as one pariwar. I would be delighted to receive your feedback on information you would find useful in future issues (via the RAN, Welfare Centres or e-mail) and I hope you enjoy reading and sharing it.

Salaams,

Colonel Richard Goodman

ब्रिटिश गोर्खा भेटरन समुदायमा नमस्ते तथा न्यानो अभिवादन ।



ब्रिटिश गोर्खा नेपाल (बि.जी.एन) को त्रैमासिक समाचारपत्र *‘गोर्खाली खबर’* को पहिलो संस्करण यहाँहरूमाँझ ल्याउनु पाउँदा मलाई खुशी लागेको छ । ब्रिटिश गोर्खा नेपाल र नेपालमा रहनुभएका बृहत ब्रिगेड परिवार बीचको बन्धनलाई अझैं बलियो बनाउनको लागि यो एउटा नविन पहल हो । प्रासङ्गीक समाचार र समसामयिक विषयवस्तु यहाँहरूसामु पुर्याउनुको साथसाथै मलाई आशा छ यस समाचारपत्र हामी सबैलाई एक परिवारमा बाँध्ने र ‘ब्रिगेड अफ गोर्खा’ (Brigade of Gurkhas) सँग जोड्ने रेशाको एक हिस्सा हुनेछ । भविष्यमा प्रकाशन हुने अङ्कहरूमा कस्तो खबर/समाचार सार्थक हुनेछ भनी यहाँहरूको प्रतिक्रिया पाए (RAN, Welfare Centres अथवा इ-मेल मार्फत) म प्रसन्न हुने थिए । यसलाई पढेर र यसको खबर बाँडेर उपयोग गर्नुहुनेछ भन्ने आशा लिएको छु ।

सलाम,
महासेनानी रिचर्ड गुडम्यान

*सामग्री*

*रिमेमब्रेन्स सर्भिस २०१९ मा गोर्खा VC राम बहादुर लिम्बु र गोर्खा ब्रिगेड महासेनानीको उपस्थिती*
*ब्रिटिश गोर्खा भर्ती छनौट २०२० प्रक्रिया*
*बेलायती राजदुतहरूलाई बिदाई र स्वागत*
*बि.जी.एन ६०औं वर्षमा प्रवेष*
*गोर्खा वेलफेयर ट्रष्ट GWT र गोर्खा सेटलमेन्ट अफिस GSO को अपडेट*
*विविध*

**'रिमेमब्रेन्स' – बलिदान दिनेको सम्मान र सम्झना**

हरेक वर्षको ११ औं महिनाको ११औं दिनको ११औं घण्टामा हामी विभिन्न युद्धहरूमा ज्यान गुमाएका र घाइते भएकाहरूको सम्झना र सम्मानमा मौनधारण गर्दछौं । पहिलो विश्वयुद्धको अन्त्य ११ नभेम्बरमा भएको स्मरणमा हामी यस दिन हाम्रो स्वतन्त्रताकालागि बलिदान दिने सबैलाई सम्मान गर्दै सम्झन्छौं ।

***"They shall grow not old,***
***as we that are left grow old,***
***Age shall not weary them,***
***nor the years condemn.***
***At the going down of the sun,***
***and in the morning***
***We will remember them."***

*"उनीहरू ओइलाउने छैनन्,*
*हामी बाँचेका ओइलाए जसरी,*
*उमेरले उनीहरुलाई थकाउने छैन,*
*न वर्षले निन्दा गर्नेछ,*
*सुर्यास्तिको समयमा,*
*र बिहानीमा,*
*हामी उनीहरूलाइ सम्झनेछौँ। "*



'रिमेमब्रेन्स सर्भिस' २०१९ यस वर्ष बि.जी.एन को काठमाडौं, पोखरा र धरानका शिविरहरूमा नभेम्बर १०-११ बीच आयोजना र सम्पन्न भएको थियो । हाल एक मात्र जीवित गोर्खा V.C. (भी.सी.) Capt (Hon) राम बहादुर लिम्बु र गोर्खा ब्रिगेड महासेनानी को उपस्थितीले धरान शिविरमा आयोजित कार्यक्रमको गरिमा बढेको थियो । सर्भिसमा भारतीय सेनाबाट प्रतिनिधि सेनानी, Serving Personnel, Civilian Staff र सर्भिसको इतिहासमा पहिलो पटक Potential Recruits (सम्भाव्य सिपाही) हरूको उपस्थिती रहेको थियो ।



*गोर्खा VC राम बहादुर लिम्बु, गोर्खा ब्रिगेड महासेनानी र गोर्खा मेजर बि.जी.एन रिमेमब्रेन्स सर्भिस, धरानमा सम्मान व्यक्त प्रस्तुत*

**गोर्खा भर्ती २०२० प्रक्रियासम्बन्धि जानकारी**

| Registration | | | | | Regional Selection | | Central Selection | |
|---|---|---|---|---|---|---|---|---|
| Total Applied | Total Failed Registration | Total Passed Registration | Preference | | Filtered for CS | | BA Recruits | GCSPF Recruits |
| | | | BA | GCSPF | BA | GCSPF | | |
| 12237 | 1471 | 10766 | 7191 | 3575 | 720 | 224 | 432 | 140 |

ब्रिटिश गोर्खा भर्ती छनौंट प्रक्रियामा क्षेत्रीय छनौंट प्रक्रियाहरू पूरा भइ हाल केन्द्रीय छनौंट जारी छ। पूर्वी क्षेत्रको छनौंट ३ डिसेम्बर २०१९ सम्म संचालन भएको थियो। २०२० को जनवरी-फेब्रुअरी महिनामा पोखरा शिविरमा अन्तिम छनौंट प्रक्रिया सकिएपछि ४३२ नेपाली युवा ब्रिटिश सेनामा र १४० युवा सिङ्गापुर प्रहरी बलमा भर्ती हुनेछन्।




*छनौंटका केही झलक*













**निवर्तमान राजदुतलाई बिदाई र नवनियुक्तलाई स्वागत**

निवर्तमान महामहिम नेपालका लागि बेलायती राजदुत रिचर्ड मोरीसलाई बि.जी.एन ले १८ नभेम्बरमा रात्रिभोज आयोजना गरी बिदाई गर्यो । आफ्नो तीन वर्षको कार्यकालमा ब्रिटेन-नेपाल सम्बन्धको कोशेढुङ्गा दोस्रो शताब्दी नै उनको ब्रिगेड अफ गोर्खाप्रति रहेको समर्थनको मुख्य आकर्षण भएको राजदुत मोरीसको भनाई छ । (बाँया)





यसैगरी, महामहिम नेपालका लागि नवनियुक्त बेलायती राजदुत निकोला पोलिटलाई बि.जी.एनले २२ नभेम्बरमा दिवा-भोज आयोजना गरी स्वागत गर्यो । पोलिट नेपालकालागि पहिलो बेलायती महिला राजदुत हुनुहुन्छ । *(दाँया)*

---

**गोर्खा वेल्फेयर ट्रष्टद्वारा उपचार खर्च दावी रकम सिमा वृद्धि**

बेलायती रक्षा मन्त्रालयबाट प्राप्त आर्थिक सहयोगका कारण पेन्सनरहरुले तोकिएको अस्पतालमा भर्ना भई औषधी उपचार गर्दा लाग्ने खर्च दावी रकमको सीमा गोर्खा वेल्फेयर ट्रष्टले वृद्धि गरेको छ, जसअनुसार हरेक व्यक्तिले वार्षिक रुपमा पाउने रकमको सीमा एक लाख ५० हजार रुपैयाँबाट वृद्धि गरी दुई लाख रुपैयाँ कायम गरिएको छ । यसको मतलब, मिति ०१ नोभेम्बर सन् २०१९ साल देखि लागू हुनेगरी अब उपरान्त जि.डब्लू.टी.का डाक्टरद्वारा सिफारिश गरिएका अस्पताल वा अन्य कुनै स्वास्थ्य संस्थामा उपचार गराएबापत सबैले हरेक वर्ष बृद्धी गरिएको रकम पाउनेछन् । उल्लेखित मिति भन्दा अघि गरिएका उपचार खर्च दावीमा भने पहिलेकै सीमा बमोजिम हुनेछ । उक्त दावी रकमको सीमालाई मुद्रास्फीति (महङ्गी) को आधारमा प्रत्येक वर्ष वृद्धि गर्दै लगिनेछ र सबै सेवाग्राहीहरुले उचित स्वास्थ्योपचार पाओस् भन्ने कुराको सुनिश्चितता गरिनेछ ।

धेरै उपचार खर्च लाग्ने केही विशेष घातक रोगहरुमा प्रदान हुँदै आएको आर्थिक सहयोग रकममा उल्लेखनीय वृद्धि भएको घोषणा गर्न पाउँदा गोर्खा वेल्फेयर ट्रष्ट र सम्पूर्ण बि.जि.एन परिवारलाई खुशी लागेको छ । क्यान्सर, मुटु, मृगौला वा कलेजो सम्बन्धी गम्भीर स्वास्थ्य समस्या भएका अथवा लामो समयसम्म आई.सी.यू.मा भर्ना गरी उपचार गराउनु पर्ने अवस्थामा (तर सिमित नगरिएको) सेवाग्राही/बिरामीले थप रकम सहयोगको लागि निवेदन गर्न सक्नेछन् । यस्ता सबै

निवेदनहरु जि.डब्लू.टी. को मेडिकल बोर्डमा पेश गर्नुपर्नेछ । यसका लागि बिरामी (पेन्सनर) हरुले जि.डब्लू.टी.का कर्मचारीहरुसँग सम्पर्क गर्नुपर्नेछ, जसले यस प्रक्रियाको बारेमा उपयुक्त सल्लाह दिन सक्नेछन् । यस प्रकारका

मामिलाहरुमा बिरामीको औषधी-उपचारको सुनिश्चितताको लागि मेडिकल बोर्डद्वारा विगतको भन्दा सात सय प्रतिशतभन्दा बढी रकम समेत उपलब्ध गराइएको छ ।

**गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ)**

गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ) ले गोर्खा भेटरनहरुलाई उनीहरुको यु.के. भिसा निवेदन प्रकृयामा ०५ अक्टोबर २००९ देखी सेवा पुर्याउँदै आएको छ । यो ललितपुर, मानभवन-स्थित् ब्रिटिश गोर्खा नेपाल, मुख्यालयको प्राङ्गणमा अवस्थित छ । प्रोत्साहन वा हतोत्साहन नगरी, जि.एस.ओ.ले यु.के. मा बसाइ गर्न चाहनुहुने गोर्खा भेटरनहरुलाई तथ्यात्मक जानकारी प्रसारित गरी आफ्नो सेवा प्रदान गर्दै आएको छ ।
०५ जनवरी २०१५ मा संशोधित निती अनुसार्, ०१ जुलाई १९९७ अघि अवकाश लिनुभएका भु.पु. गोर्खाका छोरा-छोरी (१८-३० उमेरका) का निवेदन यस तल दिएको लिङ्क (link) को Annex K मा उल्लेखित अवस्था अनुरुप भएमा यु.के.मा बसाइ गर्न योग्य ठहरिनेछन् ।
https://www.gov.uk/government/uploads/system/uploads/attachment_data/file/440811/settlement_on_discharge.pdf

**GSO statistic as at 31 Oct 2019**

| | |
|---|---|
| Total Number of visits to GSO | 85503 |
| Visa Application forms completed | 12,441 |
| Visa Approved applied through GSO | 9,509 |
| NINO Fast Track Processed | 12,055 |

**Breakdown of application made by the adult children under Annex K of the revised policy as at 31 Oct 2019**

| | |
|---|---|
| Visa Applied | 2058 |
| Visa Approved | 1263 (61.37) % |
| Visa Refused | 370 (17.98)% |
| Pending Applications | 425 (20.65) % |

**Visa fee as at 08 Nov 2019**

| | |
|---|---|
| Gurkha Veterans,Spouses & Children | Rs. 2,31,028 |
| Returning Residence | Rs. 78,273 |
| Vignette Transfer | Rs. 23,361 |
| Visit (short) | Rs. 14,411 |
| BRP Replacement | Rs. 23,361 |

योजना अनुसार जी.एस.ओ. को कार्य-समापन ३१ मार्च २०२२ मा हुनेछ (आवश्यकताको समिक्षा अनुसार)।

*स्वर्गीय उपसेनानी एडवर्ड ड्रमण्ड-ब्याक्सटरका परिवार ०६-१४ नभेम्बर २०१८ बीच ब्रिटिश गोर्खा नेपाल, काठमाडौंमा भेटघाटका लागि आएका थिए। अफगानिस्तानमा जारी Operation HERRICK 17 (अपरेशन हेर्रिक १७) अन्तर्गत उपसेनानी एडवर्ड ड्रमण्ड-ब्याक्सटर र १ आर.जी.आर प्यूठ सिद्धान्त कुँवरको ३० अक्टोबर २०१३ मा Line of Duty मा मृत्यु भएको थियो।*





*१७ अक्टोबर २०१९, बि.जी.एन को ५९औं जन्मोत्सव समारोहमा बि.जी.एन-काठमाडौंका स्टाफ तथा परिवार*

गोर्खा भर्ती, सेना र भुतपूर्व सेनाका कल्याणका लागि स्थानीय स्तरबाट सहयोग र आफ्नो गतिविधी सक्रिय राख्न विपद व्यवस्थापन राहत कायम गर्ने आफ्ना प्रमुख कार्यहरूलाई निरन्तरता दिंदै बि.जी.एन ६०औं वर्षमा प्रवेश गरेको छ।

*बि.जी.एन दशैं कार्यक्रम २०१९*






*बि.जी.एन र Regimental Association Nepal (RAN) छलफल*



*बि.जी.एन कमाण्डर पेन्सन अफिसमा गोर्खा परिवारसँग अन्तरक्रिया गर्नुहुँदै*



*बेलायती राजदुत पोलिट नेपाली संस्कृति र भाषासम्बन्धी दिइने तालिमको जानकारी र गोर्खा छनौंटको अनुभव लिनुहुँदै*





*गोर्खा मेजर बि.जी.एन तथा युनिट स्टाफ डिपोट विद्यालय, धरानको कार्यक्रममा शरीक*



*बि.जी.एन-काठमाडौं स्टाफ समुदाय संलग्नतामा*



**36 Engineer Regiment & The Queens Gurkha Engineers र Nepal Army team Cambrian PATROL (CP) स्वर्ण पदक विजयी**

२०१९ को Cambrian Patrol 'क्याम्ब्रियन पट्रोल' मा 36 Engineer Regiment & The Queens Gurkha Engineers Cambrian PATROL (CP) ले स्वर्ण पदक जितेको छ । यसै अभ्यासमा नेपाली सेनाको टोलीले पनि स्वर्ण पदक जितेको छ । २०१९ को यस अभ्यासमा ३४ देशबाट ३४ टोली र बेलायती सेनाबाट १०६ वटा टोलीहरू सहभागी भएका थिए । यस अभ्यासमा सैनिक दक्षता र अरु क्षमता मुल्यांकनको आधारमा टोलीहरूलाई अङ्क दिइने गरिन्छ ।





**Unit 36 Engineer Regiment QGE (क्यु.जी.इ- ३६ इन्जिनियर्स रेजिमेन्ट)**

*Ex-Invicta Gunnery AFV Ranges को दौरानमा Unit 36 Engineer Regiment QGE (१९ मे २०१९, ललवर्थ, डोरसेट)*



*१ आर.जी.आर A Coy Unit परिचालनमा र Operation Elgin मा*





*भु.पू QGE निर्मल पुर्जाले विश्वका ८,००० मि. माथि उचाइका १४ हिमाल केवल सात महिनामा सफल आरोहण गरी नयाँ विश्व कीर्तिमान रचेका छन्*



*Band of Brigade of Gurkhas ब्रुनाइमा Royal Gurkha Rifles को २५औं वार्षिकोत्सवको अवसरमा*



*10 QOGLR '१० क्यु.ओ.जी.एल.आर.' ले मे २०१९ मा Queen's Guards, Public Duties, Buckingham Palace परिचालन गरेको छ*



*गोर्खा भर्ती २०१९ Passing Out Parade, क्याटरीक*



**सम्पर्क विवरणहरू:**

**गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ) सम्पर्क विवरण:**
गोर्खा सेटलमेन्ट अफिस (जि.एस.ओ)
ब्रिटिश गोर्खा नेपाल, मुख्यालय
मानभवन, ललितपुर
फोन नम्बर :
१ ४२३५३२६, ४२३५३२७, ४२३५३२९
इ-मेल आइ.डी:
dpmgso@bgn.com.np

**पेन्सन पेमेन्ट अफिस सम्पर्क विवरण:**
पेन्सन पेमेन्ट अफिस, काठमाडौं
स्टानडर्ड चारटर्ड बैंक, लाजिम्पाट
काठमाडौं
फोन नम्बर:
००९७७ १ ४४१५०४४
इ-मेल आइ.डी:
ppoktm@bgn.com.np

**रेकर्ड अफिस सम्पर्क विवरण:**
ब्रिटिश गोर्खा नेपाल- पोखरा
फोन नम्बर:
०६१-५६७२५५
इ-मेल आइ.डी:
bgn-bgp-recordoffice@mod.uk

**BFBS Gurkha**
C/O Headquarters,
British Gurkhas Nepal

**मुख्यालय, ब्रिटिश गोर्खा नेपाल**
**मानभवन, ललितपुर**
**बि एफ पी ओ ४**
**नेपाल**

**Headquarters, BRITISH GURKHAS NEPAL**
**Manbhawan, Lalitpur**
**British Forces Post Office 4**
**Nepal**

जरुरी सूचना र सम्पर्कमा रहनको लागि ब्रिटिश गोर्खा नेपालको फेसबुक पेज लाइक र फलो गर्नुहोला
For important updates and to stay in touch, like and follow British Gurkhas Nepal's Facebook page
British Gurkhas Nepal @BritishGurkhasNepal
https://www.facebook.com/BritishGurkhasNepal/

British Gurkhas Nepal, Headquarters Points of Contact:

Maj Muktiprasad Gurung MVO RGR
| Gurkha Major | Media Manager |

Gaurav Chandra Gurung
| Communications Officer |
BGN-CommsOffr@mod.uk